बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

☎ ९८५५०८८४६६
☎ ०५७६२०४७६

प.सं. : ०७४/७५
च.नं. : ८५४

मिति : २०७५/०२/१३

विषय : वाल क्लव गठन तथा क्षमता विकास कार्यक्रम सञ्चालन सम्वन्धमा ।

श्री विद्यालय सबै,
बागमती गाउँपालिका, मकवानपुर ।

प्रस्तुत विषयमा तहाँ विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको बाल भेला गराउनु भै वाल क्लव गठन गर्नु हुन अनुरोध गरिन्छ । उक्त भेला र क्लव गठनको माईन्युट प्रतिलिपी सहित क्लवमा रहेका पदाधिकारीहरुको नाम थर, सम्भव भएमा मोवाईल नं. र अगुवा एक जना शिक्षकको नाम थर र मोवाईल नं. समेत खुलाई अनिवार्य पठाउनु हुन अनुरोध गरिन्छ । साथै उक्त क्लवका पदाधिकारीहरुबाट गा.पा. स्तरीय वाल क्लव सञ्जाल गठन, क्लव सचिवालय व्यवस्थापन, नेतृत्व विकास र सस्थागत क्षमता विकास सम्वन्धि छिट्टै तालिम सञ्चालन हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशील :**

१. क्लवमा माथिल्लो कक्षाको विद्यार्थी सकेसम्म समावेश नगर्ने (जस्तो कक्षा १२) ।
२. छात्रछात्रा दुवैको सहभागिता गराउने ।
३. बोल्न र लेख्न सक्ने उत्कृष्टलाई प्राथमिकता दिने ।
४. बाल भेलाबाट मात्र बाल क्लवको पदाधिकारी छनोट गर्ने ।

**पुनश्च :** क्लवका पदाधिकारीहरुलाई गाडी भाडा, खाजा र खानाको समेत व्यवस्था हुने र बाल भेला र क्लव गठन गरे वापत सम्वन्धित विद्यालय र क्लवलाई खर्चको व्यवस्था हुने व्यहोरा समेत जानकारी गरान्छ ।

०१८

..........................
टंक बहादुर नेगी
**प्रमुख प्रशासकीय अधिकृत**